# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ३] काठमाडौं फाल्गुन ७ गते २०१० साल [अतिरिक्ताङ्क

## भाग २

## करेन्सी एण्ड एक्सचेन्ज विभाग, अर्थमन्त्रालयको सूचना

आज २०१० साल फाल्गुन ७ गते रोज ५ का दिन सदर टकसारमा नयाँ डिजाइनका मुद्रा टकमरी समारोह गराई आजैका दिनदेखि तपसीलबमोजिमका मुद्राहरू चलन चल्तीमा ल्याउने भएको हुनाले सर्वसाधारण जनतालाई ज्ञात होस् भनी यो सूचना प्रकाश गरिएको छ ।

तपसील

कयूप्रोनिक्केलको मुद्रा– निक्केल २५ भा. र ताँबा ७५ भा :—

| मुद्रा | तौल | एकापट्टि | अर्कोपट्टि |
|---|---|---|---|
| (१) एक रुपैयाँ | १८० ग्रेन | श्री ५ महाराजाधिराजको चित्र | धानको बाला र हिमालय। |
| (२) पचास पैसा | ९० ग्रेन | श्री ५ महाराजाधिराजको चित्र | धानको बाला र हिमालय। |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र

(३) सुकी — ४५ ग्रेन — खुकुरी र कमल धानको बाला र हिमालय।

(४) पचन्नी — ३६ ग्रेन — खुकुरी र कमल धानको बाला र हिमालय।

तँवाको मुद्रा— ताँवा ९५ %. र जस्ता ५ %:—

( ५ ) दश पैसा — १०० ग्रेन — खुकुरी र कमल धानको बाला र हिमालय ।

( ६ ) पाँच पैसा — ६० गे्रन – पाँच औंला धानको बाला र हिमालय ।

पित्तलको मुद्रा— ताँवा— ६६ %. र जस्ता- ३४ %:—

( ७ ) दुइ पैसा — ४० गे्रन खुकुरी र कमल धानको बाला र हिमालय।

( ८ ) एक पैसा -- २५ गे्रन खुकुरी र कमल धानको बाला र हिमालय ।

आज्ञाले—
चूडानन्द वैद्य.
एडिशनल सेक्रेटरी—अर्थमन्त्रालय.

गोरखापत्र छापाखानामा मुद्रित

प्राधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि